# ६. श्री ईश्वरवल्लभ

*[संवत् २०३० साल आश्विन १३ गते रोज ७ का दिन आयोजित समारोहमा 'अगोका फूलहरू हुन् आगोका फूलहरू होइनन्' भन्ने ग्रन्थको लागि प्रदान गरिएको संवत् २०२८ सालको 'मदन पुरस्कार' त्यसका रचयिता श्री ईश्वर वल्लभले ग्रहण गरेपछि व्यक्त गर्नुभएको उद्‌गार। यो उद्‌गार नेपाली त्रैमासिक अङ्क ५६ बाट उद्धृत गरिएको हो।]*

सम्माननीया रानीसाहेब तथा उपस्थित विद्वद्‌वर्ग, तथा साहित्यप्रेमी सज्जनवर्ग!

साहित्यका अनेक विभेद तथा शाखा-प्रशाखाहरू भए। तिनका विभिन्न तरिकाले विश्लेषणहरू हुँदै छन्, र ती विश्लेषणलाई कतिपय विद्वद्‌वर्गले आफ्ना धारणाअन्तर्गत विभिन्न स्वरूप दिएका छन्; फलस्वरूप विभिन्न विधाहरूको सृजना भएको हो। यिनै साहित्यका अनेक प्रभावहरू भए र तिनका पनि विश्लेषण भएका छन् सोअनुरूप नै रस सिद्धान्तहरूका वैचारिक स्थितिहरू प्रादुर्भाव भए।

नयाँ पुराना सबै साहित्यले आफ्नो अस्तित्वलाई वैचारिक तथा आनुभूतिक स्तरमा बचाएका छन्। रसको शोध तथा निर्णयपछि यता जति पनि साहित्यको संरचना भयो, तिनीहरूले रस परिधिबाट मुक्त हुन सकेनन्। आधुनिक साहित्य आधुनिकभन्दा पनि झन् आधुनिक तथा अत्याधुनिक साहित्यका अत्याधुनिक अभीष्ट तथा स्वरूपले रस निष्पत्ति सिद्धान्तबाट आफूलाई टाढा र नछोइने पार्न सकेका छैनन्। सरगमका आवटेभहरूदेखिन् कुनै पनि सङ्गीतले आफूलाई मुक्त पार्न जतिसुकै चेष्टा गरे तापनि सकेनन्, त्यस्तै प्रकारले रस-स्वभावबाट साहित्यले आफूलाई मुक्त पार्न सक्नेछैन। साहित्यको मूल्याङ्कन हुन्छ भने यिनै रसभित्र नै हुनेछ। र साहित्यमा भाववाद (याब्सट्र्याक्सनिज्म) अथवा अमूर्तताको प्रादुर्भावले जीवनका कतिपय स्थितिलाई बेग्लै अवस्था र सङ्केतले अभिव्यक्त गर्न चाहेको अवस्थामा पनि उपरोक्त रस सापेक्षता निहित नै छ भनेर मान्नु नै अपरिहार्य हुन आउँछ। यी सबै क्रम यथावत नै भए पनि आज साहित्यमा केही दशकहरू-पहिलेका अनुभूति र प्रभाववादको विपरीत नयाँ अनुभूति तथा प्रभावले जन्म लिएको छ। यी बीसौँ शताब्दीयताका केही दशकहरूबीचका साहित्यले आफूलाई जीवनका भयावहता, क्षोभ, कुण्ठा, अनात्मकता

आदि पक्षलाइं छुन खोज्दैछ। विश्वमा केही पनि कतै पनि भएको घटना, दुर्घटना-प्रति पनि आजको साहित्य सजग छ। राष्ट्रका अनुकूल तथा प्रतिकूल स्थितिहरूप्रति पनि यसले सजग हुनु नितान्त स्वाभाविक भएको छ। यस क्रममा यदि यसको गति तथा यात्राक्रमले पहिलेको भन्दा अर्को दिक पहिल्याउन खोजेकोलाई अस्वाभाविक भनिरहनु हुँदैन। यो एउटा स्वाभाविकता नै हो जब साहित्यले जीवनसित सम्पर्कित हुनुपर्छ भनेर आग्रह गरेपछि जीवनको सुखपक्ष मात्रसित यसको सरोकार छ, दुःखपक्ष साहित्यले भुल्नुपर्छ भन्न पनि सकिएन। यस आधारमा यदि साहित्यले जीवनको सम्पूर्ण अभिव्यक्तिको निमित्त जैविक सबै पक्षहरूलाई आफ्ना माध्यमले प्रेषित तथा सम्प्रेषित गर्छ भने, यसको श्रेयता नै मान्नुपर्नेछ। मेरा विम्बहरू, प्रतीक र स्वरहरू शिविरबद्ध छैनन्। जब यसले जीवनसित साम्य गरेको छ भने, त्यो जीवन विशेषणरहित जीवन मात्रसित यसको साम्य छ। अर्थात् रगतको रातोपन सार्वभौम हो भन्ने मलाई लाग्दछ। रगतको रातोपनाको शिविर हुँदैन। अर्थात् पीडा जसलाई र जसले दिइएको र पाएको भएपछि विना कुनै विषमता त्यो पीडा- पीडा नै हो। अर्थात् अफ्र सजिलोसित भन्ने हो भने पीडाको वर्ग विशेष हुँदैन। त्यो पीडा तथा वेदना हो जसले भोगेको भए पनि, र यदि त्यस पीडा तथा वेदनाले सम्प्रेषित (कम्युनिकेटेड) हुनु छ भने सम्पूर्णमा जीवनको सोलोडोलोपना, अखण्डित अवस्थाबाट हुनु छ। जीवनको आकाश कतै खण्डित छैन। यसरी रचनामा त्यसलाई लेख्ता कोर्दा, प्रस्तुत गर्दा (प्रोजेक्ट गर्दा) त्यो जे छ त्यसरी नै त्यसले हुनुपरेको छ।

हाम्रो यस आग्रह तथा आस्थालाई मैले कवितामा, कथामा र अन्य विधाहरूमा लेख्ने प्रयत्न गरेको छु। यसरी लेख्ने व्यवधानमा अनेकन आरोप, लाञ्छना र आलोचना भएका छन्। किनभने यो पहिलेका स्थिति र विधाभन्दा भिन्नै क्रम थियो। यसको प्रविधि तथा शैली त्यो थिएन जुन पहिले थियो-पहिले यसै बीसौं शताब्दीको पूर्व तथा मध्यतिर प्रथम महायुद्ध पश्चात् द्वितीय महायुद्ध पूर्व अवस्थामा प्रतीक प्रतीकको लागि विम्ब विम्बको निमित्त लेखिन्थे, र तिनबाट प्रभाववाद, अभिव्यक्तिवाद, प्रतीकवादजस्ता वादहरूले जन्म लिएर अन्तर्राष्ट्रिय साहित्यिक इतिहासमा गहिरो तथा नमेटिने हस्ताक्षर गरेका छन्। तर ती वादहरूप्रति हाम्रो दृष्टि तथा प्रयोजनीयता भिन्नै भएकोले हामीले प्रतीक, विम्ब र प्रभावको निम्ति तिनीहरूलाई नै लेख्न थालेनौं, कला कलाको निम्ति जस्तो पनि भएन; हामी जीवनको निम्ति, जीवनको वस्तुताको निम्ति, कहिले वस्तुको नै वस्तुताको निम्ति त्यसको स्वतन्त्र सम्भाव्यता अर्थात् सम्भवितालाई सकेसम्म स्वतन्त्र राखेर प्रतीक, विम्ब, प्रभावलाई साध्य- स्वरूप होइन, साधनस्वरूप प्रयोग गर्न थाल्यौं। यसप्रकार हामी ती प्रथम तथा द्वितीय महायुद्धपछिका आतङ्कबाट सृजित प्रभावबाट मुक्त, अर्कै जीवनको सम्पूर्णता, चौडाइ, लमाई, घनत्व अर्थात् गहिराइ अनि त्यसका अनेक सम्भावनालाई एकै ठाउँमा लेख्न प्रयत्न गर्न थाल्यौं। यस सिलसिलामा कतिफेरा भाषा सस्वर हुन सकेनन्, मुक हुन

थाले, शब्द बन्न सकेनन् र भाँचिन थाले, आकार टुट्न थाले, स्वरूपमा स्वरूपहीनता आउन थाल्यो ।

लेखनको यात्रामा यो अभूतपूर्व स्थिति आउन थाल्यो । पाठक हामीबाट भाग्न सक्थे तर हामी हामीबाट भाग्न सक्तैन थियौं त्यसैले यो एउटा सङ्कट थियो । यसलाई स्वाभाविक तुल्याउनु जीवनको ठूलो आदर्श थियो ।

यसबीच विभिन्न आरोपका अवहेलना तथा आघातका ओइरो आएका छन् । हामीलाई स्वीकृतिको आवश्यकता थियो; पाएका थिएनौं । हामीलाई हाम्रो परिचयको खोजी थियो, पाएका थिएनौं, हाम्रो इमानदारीप्रति न्याय चाहिएको थियो, पाएका थिएनौं । हाम्रा प्रयत्नहरूलाई हेर्दै नहेरी होहोरीमा आरोपित तथा लाञ्छित नतुल्याउने र हेरिदिने मूल्याङ्कन गरिदिने विवेकको आवश्यकता थियो, पाएका थिएनौं । हुन सक्छ लेख्न मात्र थालेका हौंला हामीले, लेखिसकेका छैनौं । हुन सक्छ हामीले आदर्श मात्रै बनाएका हौंला तर त्यो आदर्श अत्यन्त अपरिहार्य र प्राप्य थियो । हामी त्यतातिर नै अग्रसर थियौं तर टेवा नै पाएका थिएनौं । आज मलाई लाग्छ 'मदन पुरस्कार'को यस निर्णयले हामीलाई स्वीकृति दिएको छ । हामी यस स्वीकृतिको आडमा हाम्रा आदर्शहरू प्राप्त गरेर नेपाली साहित्य र भाषा-वाङ्मयको सेवा गर्न सक्नेछौं । हामीले ती नपाएकाहरू पाएका छौं ।

मेरा दुई साथीलगायत यस अत्याधुनिक प्रविधि तथा आयामिक दृष्टि र दर्शनलाई सघाउ पुऱ्याउने, यसअनुरूप अगि बढ्ने अनेक अरू पाइलाहरू अब अगि बढी नै रहनेछन् ।

'मदन पुरस्कार' लाई एउटी रानीसाहेबले आफ्ना दिवङ्गत पतिको नाममा राखिदिएको एउटा पुरस्कार र साहित्यिक प्रोत्साहन मात्र भन्दा पनि ठूलो एउटी देवीले आफ्ना पवित्र भावना तथा महानताअनुसार आफ्ना पतिको नाममा साहित्यलाई अगि बढाउन प्रस्तुत गरेको हार्दिक उदारता मान्दछु ।

अन्त्यमा सम्माननीया रानीसाहेब, गुठीका सम्माननीय तथा माननीय सदस्यहरू र उपस्थित सबै विद्वत् तथा सज्जनवर्गमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । धन्यवाद !

⊠ ⊠ ⊠